# पाठ ३ यूहन्ना ३

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशू र निकोदेमस
  नयाँ जन्म
  हेर्नको निम्ति जीवन
येशू र यूहन्ना
उहाँ जो स्वर्गबाट आउनुहुन्छ

## येशू र निकोदेमस

### नयाँ जन्म

यूहन्ना ३:१-१३ फेरि पढ्नुहोस्।

निकोदेमस एक शिक्षक र धार्मिक अगुवा थिए। उनी अति शिक्षित थिए र उनले असल जीवन जिएका थिए। उनले



गरेका असल कामहरूले परमेश्वरलाई खुशी पार्छन् र उनलाई स्वर्गमा स्थान प्रदान गर्नेछन् भनी उनले विचार गरेका थिए। येशूले उनलाई भन्नुभयो, "कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।"

शरीरको स्वाभाविक जीवन र आत्मिक जीवन गरी त्यहाँ दुइ किसिमका जीवन छन् भनी येशूले व्याख्या गर्नुभयो। हामी स्वाभाविक (प्राकृतिक) जीवन लिएर जन्मेका छौं, तर परमेश्वरको आत्माबाट हामी आत्मिक जीवन प्राप्त गर्छौं। यूहन्ना १:१२-मा हामीले सिकिसकेका छौं कि जब हामीले येशू ख्रीष्टलाई हाम्रा मुक्तिदाताका रूपमा ग्रहण गर्छौं, हामी यो नयाँ स्वभाव प्राप्त गर्छौं र हामीले नयाँ जन्म पाउँछौं। परमेश्वर हाम्रा पिता बन्नु-हुन्छ। हामी परमेश्वरबाट जन्मन्छौं र परमेश्वरका सन्तान

बन्छौं। "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर नयाँ आएको छ" (२कोर ५:१७)।

यो नयाँ जन्म "पानी र आत्माबाटको" हो भनी येशूले भन्नुभयो। बाइबलले घरीघरी आलंकारिक वा चिन्हात्मक भाषालाई प्रयोग गरेको छ– शाब्दिक रूपमा भन्दा भिन्नै अर्थ दिने शब्दहरू। यहाँ प्रयोग भएको "पानी" शब्दले पापलाई धुनु भन्ने अर्थ दिन्छ। यो हाम्रो उद्धारको एक भाग हो।

> "उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो" (तीतस ३:५)।
> "मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ" (यूहन्ना १५:३)।

परमेश्वरको वचनको सुनाइ र आज्ञाकारिताबाट आत्मिक सुध्याइँ आउँछ। पानीबाट नयाँ गरी जन्मने सम्बन्धमा येशूले भन्नुहुँदा, उहाँले यही नै अर्थ दिनुभएको थियो भनी हामी विश्वास गर्छौं, कि परमेश्वरको वचनको सुनाइ र विश्वास गराइबाट हामीले नयाँ जन्म प्राप्त गर्छौं।

**तपाईंको अभ्यासको निम्ति**

१ येशूले निकोदेमसलाई के भन्नुभयो?

**क.** उनले गरेका असल कामहरूले उनलाई स्वर्गमा लैजान्छन्।

**ख.** नयाँ जन्म नपाईकन कसैले पनि परमेश्वरको राज्यलाई देख्न सक्दैन।

**२** नयाँ जन्म भनेको

**क.** येशूमा विश्वास गरी उहाँलाई मुक्तिदाताका रूपमा ग्रहण गरेपछि परमेश्वरबाटको जन्म हो।

**ख.** तपाईं मर्नुभएपछि अर्को व्यक्तिको रूपमा फेरि यस पृथ्वीमा फर्केर आउनु हो।

**ग.** पानीमा बप्तिस्मा लिनु हो।

## हेर्नका निम्ति जीवन

यूहन्ना ३:१४-२१ लाई फेरि पढ्नुहोस्।

एक पल्ट परमेश्वरका मानिसहरूले पाप गरे र सर्पहरूका टोकाइद्वारा तिनीहरूलाई दण्ड दिइयो। परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो र प्रत्येक व्यक्तिले देख्न सक्ने गरी पीतले साँपलाई उठाएर राख्नू भनी उहाँले मोशालाई आज्ञा दिनुभयो। जस-जसले यसलाई हेरे, तिनीहरू निको भए। जस-जसले हेर्न चाहेनन्, तिनीहरू मरे।

पृथ्वीका हुने प्रत्येक व्यक्तिले परमेश्वरको आज्ञा भङ्ग गरेको छ र मृत्यु दण्डको भागी भएको छ। तर परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ। हाम्रा निम्ति मर्नका लागि आफ्ना पुत्र पठाएर उहाँले यो प्रमाणित गर्नुभएको छ। पीतलबाट बनेको साँपलाई झैं येशूलाई क्रूसमा उठाइएको थियो। प्रत्येक जसले उहाँलाई हेर्छ, अर्थात् उहाँमा विश्वास गर्छ, ऊ पापको साँपको टोकाइबाट निको हुन्छ। उहाँमा विश्वास नगर्नेहरूचाहिँ आ-आफ्ना पापहरूमा मर्नेछन्। तर जस-जसले हेर्छन् तिनीहरूले अनन्त जीवन प्राप्त गर्छन्।

**तपाईंको अभ्यासको निम्ति**

**३** यूहन्ना ३:१६-लाई कण्ठ गर्नुहोस्। बाइबलमा सबैभन्दा बढ़ी प्रेम गरिएको पद यही हो।

**४** परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने कुराको सबैभन्दा ठूलो प्रमाण के हो?

**क**. हामीलाई उद्धार गर्नका लागि उहाँले आफ्ना पुत्र दिनुभयो।
**ख**. उहाँले हामीलाई जीवन दिनुहुन्छ।
**ग**. उहाँले प्रार्थनाका उत्तरहरू दिनुहुन्छ।

## येशू र यूहन्ना

यूहन्ना ३:२२-३० पढ्नुहोस्।

बप्तिस्मा-दिने यूहन्नाको प्रचार सुन्न जाने भीड़ अब येशूको प्रचार सुन्नका लागि जान थाले। यूहन्नाका धेरै चेलाहरूले उनलाई छोडे र येशूका पछि लाग्न थाले। तर यस बारेमा यूहन्ना दुःखित भएका थिएनन्। येशूका बारेमा मानिसहरूलाई बताउन परमेश्वरले उनलाई पठाउनुभएको थियो। येशूका पछि लाग्नका लागि तिनीहरूले आफूलाई छोडेकोमा उनी खुशी भएका थिए।



यूहन्नाको प्रवृत्ति र उनका शब्दहरूले उनी कति भद्र र अस्वार्थी व्यक्ति थिए भन्ने कुरा देखाउँछ। उनका शब्दहरू हाम्रा निम्ति असल निशाना हुन्। यूहन्नाको जीवनमा वास्तविक महत्त्वपूर्ण व्यक्तिचाहिँ यूहन्ना आफै नभएर येशू हुनुहुन्छ।

> "उहाँ बढ्नु, तर मचाहिँ घट्नु आवश्यक छ" (यूहन्ना ३:३०)।

**तपाईंको अभ्यासको निम्ति**

**५** यूहन्ना ३:३० लाई कण्ठ गर्नुहोस्।

**६** तपाईंको जीवनमा प्रत्येक दिन येशू अझै महत्त्वपूर्ण बन्न सक्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्।

## उहाँ जो स्वर्गबाट आउनुहुन्छ

यूहन्ना ३:३१-३६ पढ्नुहोस्।



स्वर्गबाट आउनुहुने येशू नै हुनुहुन्छ भनी सुसमाचारका लेखक यूहन्नाले यी पदहरूमा हामीलाई थाहा दिएका छन्। उहाँ संसारमा भएका सबै व्यक्तिहरू वा थोकहरूभन्दा महान् हुनुहुन्छ। उहाँ परमेश्वरका आत्माले पूर्ण हुनुहुन्छ। परमेश्वरले उहाँलाई प्रेम गर्नुहुन्छ र सबै थोकमाथि उहाँलाई शक्ति दिनुभएको छ।

> "जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ" (यूहन्ना ३:३६)।

यस अध्यायमा भएका धेरै पदहरूले अनन्त जीवनको बारेमा बताउँछन्। अनन्त जीवन भनेको यस संसारमा नै रहिरहने जीवन होइन। यो परमेश्वरको कहिल्यै नसकिने जीवन हो, र येशू ख्रीष्टको जीवन पनि त्यस्तै थियो। येशू क्रूसमा मर्नुभएको भए तापनि, उहाँको जीवन त्यहाँ अन्त भएन। उहाँ चिहानबाट बौरिउठ्नुभयो र उहाँ सधैँभरि जीवित हुनुहुन्छ।

यदि हामी येशूमा विश्वास गर्छौं भने, हामीले अनन्त जीवन प्राप्त गर्छौं। हाम्रा शरीरहरू मर्नेछन् तर हाम्रा आत्माहरू परमेश्वरमा जानेछन् र सधैँभरि उहाँसँग रहनेछन्। येशूको शरीर मृतकबाट बौरिउठेझैँ, उहाँमा विश्वास गर्नेहरूको मृत शरीर एक दिन बौरिउठ्नेछ र तिनीहरूले अनन्त जीवनको आनन्द लिनेछन्।

**तपाईंको अभ्यासको निम्ति**

७ परमेश्वरले येशूमा हामीलाई दिनुभएको उद्धारलाई हामीले ग्रहण गरेनौं भने के हुन्छ?

**क.** पानीमा बप्तिस्मा लिएर हामी उद्धार पाउन सक्छौं होला।

ख. हामी मरेपछि हामीले उद्धार पाउँछौं होला।
ग. हामीले उद्धार पाउनेछैनौं।

८ परमेश्वरले येशूद्वारा उपलब्ध गर्नुभएको उद्धारलाई हामीले ग्रहण गर्‍यौं भने के हुन्छ?
क. हाम्रा शरीरहरू कहिल्यै मर्नेछैनन्।
ख. हाम्रा शरीरहरूचाहिँ मर्छन्, तर सधैंका निम्ति परमेश्वरसँग हुनका लागि हामी जानेछौं।
ग. हाम्रा शरीरहरू कहिल्यै मृत्युबाट बौरिउठाइने छैनन्।

९ येशूमा अझैसम्म विश्वास नगरेका तपाईंका मित्रहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४ क) हामीलाई उद्धार गर्नका लागि उहाँले आफ्ना पुत्र दिनुभयो।
२ क) येशूमा विश्वास गरी उहाँलाई मुक्तिदाताका रूपमा ग्रहण गरेपछि परमेश्वरबाटको जन्म हो।
७ ग) हामीले उद्धार पाउनेछैनौं।
१ ख) नयाँ जन्म नपाईकन कसैले पनि परमेश्वरको राज्यलाई देख्न सक्दैन।
८ ख) हाम्रा शरीरहरूचाहिँ मर्छन्, तर सधैंका निम्ति परमेश्वरसँग हुनका लागि हामी जानेछौं।